जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २५८ २०७९ साल जेठ ६ गते शुक्रबार (20 May 2022 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

बालविवाह सामाजिक र कानूनी अपराध हो।

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय तहका जनप्रतिनिधिको ... ३ पृष्ठमा : गणतन्त्र दिवस तीन ... ३ पृष्ठमा : एक दिनमा दुई हजार ...

# चार दशकपछि सप्तरीमा महिला प्रमुख पदमा निर्वाचित



गिता चौधरी, नगर प्रमुख, सुरुङ्गा नगरपालिका, सप्तरी

**दैनिक समाचारदाता**
**राजविराज, ५ जेठ ।**

चार दशकपछि सप्तरीमा यस पटक स्थानिय तहमा एक महिला प्रमुख पदमा निर्वाचित भएकी छिन् ।

जिल्लाको सुरुङ्गा नगरपालिकाको नगर प्रमुख पदमा नेपाली काँग्रेसबाट उम्मेदवार रहेकी गिता चौधरी उक्त पदमा निर्वाचित भएकी हुन् ।

कुल १८ स्थानीय तह रहेको सप्तरीमा नेकपा एमालेले तिलाठी कोईलाठी गाउँपालिकामा मिना कुमारी राम, जनमत पार्टीले राजविराज नगरपालिकामा ममता झा र काँग्रेसले सुरुङ्गा नगरपालिकाको प्रमुख पदमा गिता चौधरीलाई उम्मेदवारको रुपमा प्रस्तुत गरेको थियो । त्यस मध्ये विजय हासिल गर्ने गिता चौधरी एक मात्र महिला हुन् ।

विहीवार घोषित परिणाम अनुसार गिताले निकटतम प्रतिद्वन्दी नेकपा एकिकृत समाजवादीका रामनारायण चौधरीलाई ३ हजार ७५ मतको फराकिलो अन्तरले पराजित गर्दै नगर प्रमुख पदमा जित हासिल गरिन् ।

गिताले ७ हजार २ सय ९२ मत ल्याउँदा निकटतम प्रतिद्वन्दी रामनारायणले ४ हजार २ सय १७ मत मात्र प्राप्त गरे । उप प्रमुखमा काँग्रेसकै रुद्र बहादुर कार्की निर्वाचीत भएका छन् । कार्कीले ६ हजार २ सय ७५ मत ल्याउँदा निकटतम प्रतिद्वन्दी नेकपा एकिकृत समाजवादीकी सुनिता मुखीयाले ३ हजार ९ सय ९८ मत मात्र प्राप्त गरेकी छिन् ।

यस अघि सप्तरीमा पंचायती व्यवस्थाको समाप्तीपछि कुनै पनि स्थानीय तहमा महिला नेतृत्व थिएन । २०३६ साल पंचायतकालमा तत्कालिन पकरी गाउँपंचायतमा दुर्गा देवी थापा निविरोध प्रधान पंचमा निर्वाचित भएकी थिइन । त्यस पछि हाल सम्म कुनै पनि पालिकामा महिलाले नेतृत्वको अवसर पाएको थिएन । ३४ वर्षिया गिता विद्यार्थीकालदेखि नै राजनीतिमा लागेको बताउँछिन ।

प्रजातान्त्रिक मुल्य मान्यतालाई स्थापित, नगरको सर्वागिंण विकास तथा राजनीतीमा महिला सहभागिता बढाउन आफु जनतामा गएको र जनताबाट अपार सर्मथन पाएकोमा निकै खुशी लागेको उनी बताउँछिन ।

# पेस्तोलसहित एक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ५ जेठ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाबाट एक युवक हतियार सहित पक्राउ परेका छन् ।

हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह स्थित कोशी ब्यारेज किनारमा रहेको गोलघरबाट विहीवार दिउँसो २ बजे तीर सोही वडा निवासी २६ वर्षिय रंजित मण्डल हतियार सहित पक्राउ परेका हुन ।

मण्डलको साथबाट ६ राउण्ड गोली लोड गरिएको मेड इन युएसए ९ मिमीको ब्राउनिंग अटोमेटिक पेस्तोल बरामद गरीएको सशस्त्र प्रहरी बल नम्बर ६ हेडक्वाटर गण राजविराजले जनाएको छ ।

गोलघरमा एक युवक बन्दुक बोकेर बसिरहेको गोप्य सुचना आएपछि सशस्त्र प्रहरी बरिष्ठ हबल्दार विनोद मण्डलको नेतृत्वमा पुगेको टोलीले उनलाई पक्राउ गरेको सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाले जानकारी दिए ।

मण्डललाई थप अनुसन्धान र आवश्यक कारवाहीका लागी विहीवार नै जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाइएको सशस्त्र प्रहरी बल नम्बर ६ हेडक्वाटर गणले जनाएको छ ।

# गत निर्वाचनमा पराजित उम्मेदवारहरु जित्दै, निर्वाचितहरु हार्दै

**दैनिक समाचारदाता**
**राजविराज, ५ जेठ ।**

स्थानीय तह निर्वाचनको मतगणना परिणाम आउने क्रम जारी रहदा विहीवार सप्तरीमा थप ७ पालिकाको अन्तिम परिणाम सार्वजनिक भएको छ ।

घोषित परिणाम अनुसार जिल्लाको सुरुङ्गा नगरपालिकामा नेपाली काँग्रेसकी गिता चौधरी प्रमुखमा र रुद्र बहादुर कार्की उपप्रमुखमा निर्वाचित भएका छन् ।

यस्तै विष्णुपुर गाउँपालिकामा जसपाका उमेश यादव अध्यक्षमा तथा काँग्रेसकी रेणुकुमारी यादव उपाध्यक्षमा निर्वाचित भएका छन् ।

शम्भुनाथ नगरपालिकामा नेकपा एकिकृत समाजवादीका जितेन्द्र प्रसाद गुप्ता र उपप्रमुखमा सोही पार्टीकी अनिता चौधरी निर्वाचित भएकी छिन् ।

बलान विहुल गाउँपालिकामा जनमत पार्टीका खेमचन्द्र यादव अध्यक्षमा तथा सोही रेणु यादव उपाध्यक्षमा निर्वाचित भएकी छिन् ।

तिलाठी कोईलाडी गाउँपालिकाको अध्यक्षमा काग्रेसका अरुण मण्डल तथा उपाध्यक्षमा काँग्रेसकै फुल कुमारी साह निर्वाचित भएकी छिन् ।

यस अघि घोषित भएका सप्तकोशी नगरपालिका र तिरहुत गाउँपालिका काँग्रेसले जितीसकेको छ । हनुमाननगर कांकालिनी नगरपालिकाको प्रमुख पद जनमत पार्टीले तथा उपप्रमुख जसपाले जितेको छ । महदेवा गाउँपालिकाको अध्यक्षमा लोसपाका सुनिल कुमार मण्डल तथा उपाध्यक्षमा सोही पार्टीका उपाध्यक्षमा अर्चना कुमारी यादव निर्वाचित भएका छन् ।

त्यस्तै राजगढ गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका ओमप्रकाश मण्डल र उपाध्यक्षमा जसपाकी रेणु देवी मण्डल निर्वाचित भएका छन् । अग्नीसाईर कृष्णासवरण गाउँपालिको अध्यक्ष एमालेका दिनानाथ चौधरी तथा उपाध्यक्ष काँग्रेसको कल्पना चौधरी निर्वाचित भए ।

१८ स्थानीय तह रहेको जिल्लामा राजविराज नगरपालिका, डाक्नेश्वरी नगरपालिका, छिन्नमस्ता गाउँपालिका, खडक नगरपालिका, बोदेबरसाइन नगरपालिका, कंचनरुप नगरपालिका र रुपनी गाउँपालिकाको मात्र परिणाम आउन बाकी रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

यस पल्ट दोहराउने खोजेका हनुमाननगर कंकालिनी नगरपालिकाका निर्वतमान प्रमुख शैलेश साह, सप्तकोशी नगरपालिकाका निर्वतमान प्रमुख उत्तम गौतम, महादेवा गाउँपालिकाका निर्वतमान अध्यक्ष दिपक यादव, तिरहुत गाउँपालिकाका निर्वतमान अध्यक्ष हेमन्त बहरखेर, तिलाठी कोइलाडी गाउँपालिकाका निर्वतमान अध्यक्ष सतिश सिंह, विष्णुपुर गाउपालिकाका निर्वतमान अध्यक्ष लिलाम्बर यादव, राजगढ गाउँपालिकाका निर्वतमान अध्यक्ष परमानन्द यादव, बलान विहुल गाउँपालिकाका निर्वतमान अध्यक्ष दयानन्द गोइत, अग्नीसाईर कृष्णा सवरण गाउपालिकाका अध्यक्ष परशुराम चौधरी सबै आ-आफ्नो पालिकामा चुनाव हारेका छन् ।

अहिले सम्म घोषित परिणाम अनुसार दोहराउने कुनै पनि प्रमुख

***बाँकी अन्तिम पृष्ठमा***

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रोत्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल समाप्त, मतगणना बाँकी स्थानमा पाँच दिनभित्र परिणाम ल्याउन निर्देशन

**प्रकाश सिलवाल**
काठमाडौँ, ५ जेठ (रासस) ।

नयाँ जनप्रतिनिधिका लागि गत वैशाख ३० मा भएको निर्वाचनअन्तर्गत करिब २० प्रतिशत स्थानीय तहका मत परिणाम आउन बाँकी रहेका बेला संवत् २०७४ मा भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको कार्यकाल बिहीबार रातिदेखि समाप्त भएको छ ।

देशभरका ७५३ पालिकाका ३५ हजार २२१ पदका लागि भएको निर्वाचनमा तुलनात्मकरूपमा बढी मतदाता रहेका महानगरपालिका र उपमहानगरपालिकाको मतगणना सकिन अझै केही दिन लाग्ने देखिएको छ । संविधानतः जनप्रतिनिधिमूलक स्थानीय तहमा पद रिक्तता हुन नहुने र पद रिक्त हुँदा सेवाग्राहीका काम प्रभावित भएमा के गर्ने भन्ने अन्योल देखिए पनि जेठ ५ गतेअगावै निर्वाचन भइसकेकाले कानूनीरूपमा खास समस्या नपर्ने र व्यावहारिक पक्षमा नेपाल सरकारले आवश्यक सहजीकरण गर्ने निर्वाचन आयोगले जनाएको छ । नेपालको संविधानको धारा २१४ अनुसार स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ र नगर कार्यपालिकामा निहित रहेको छ । संविधानको धारा २२५ मा गाउँसभा र नगरसभाको कार्यकाल पाँच वर्षको हुनेछ ।

नेपालको संविधानको धारा २१५ उपधारा ९४० मा गाउँसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा ९५० बमोजिमको योग्यता भएका दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुई जना सदस्य हुने व्यवस्था र धारा २१६ को उपधारा ९४० बमोजिम नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको पन्ध्र दिनभित्र नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा ९५० बमोजिमको योग्यता भएका दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीन जना सदस्यसमेत नगर कार्यपालिकाको सदस्य हुने व्यवस्था रहेको छ ।

त्यसैगरी निर्वाचित जनप्रतिनिधिमध्ये गाउँपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुख र जिल्ला समन्वय समितिको प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअगावै निर्वाचित भएको सात दिनभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको ढाँचामा सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने तथा गाउँपालिकाको उपाध्यक्ष, नगरपालिकाको उपप्रमुख, वडाअध्यक्ष, गाउँ तथा नगरसभाका सदस्य र जिल्ला समन्वय समितिका उपप्रमुख र सदस्यले अध्यक्ष वा प्रमुखले शपथ लिएको सात दिनभित्र तोकिएको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

जेठ ५ गतेलाई स्थानीय तहका जनप्रतिनिधिको पदमा बहाल रहने अन्तिम मिति मानेर सो मितिसम्ममा वैशाख ३० मा सम्पन्न भएको मतदानको गणना कार्य सक्ने गरी निर्वाचन आयोगले सम्बन्धित निर्वाचन अधिकृतलाई यसअघि नै आवश्यक निर्देशन प्रदान गरेकोमा विभिन्न कारणले बिहीबारसम्ममा सम्पूर्ण स्थानीय तहमा मतगणना कार्य सम्पन्न हुन सकेको छैन । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले यथाशक्य बढीभन्दा बढी मतगणना टोली परिचालन गरी गणना कार्य सम्पन्न गर्न र गत वैशाख ३० गते मतदान स्थगित भई पुनः मतदान भएका मतदान केन्द्रको हकमा मतपेटिका प्राप्त भएको बढीमा चार दिनभित्र मतगणना कार्य सम्पन्न हुनेमा आयोग विश्वस्त रहेको बताउनुभयो ।

स्थानीय तह निर्वाचनअन्तर्गत हालसम्म ८० प्रतिशत तहको अन्तिम मत परिणाम सार्वजनिक भइसकेको छ । आयोगका अनुसार बिहीबार दिउँसो ३:३० बजेसम्म ५७० स्थानीय तहको निर्वाचन परिणाम निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट भइसकेको छ । हालसम्म प्रमुखमा १७४, उपप्रमुखमा १७४, अध्यक्षमा ३९६, उपाध्यक्षमा ३९६, वडाध्यक्षमा पाँच हजार ६५९, महिला सदस्य पाँच हजार ६५३, दलित महिला सदस्य पाँच हजार ५५६ र वडासदस्यमा ११ हजार २९५ गरी कूल २९ हजार ३०३ उम्मेदवार निर्वाचित भएका छन् । आयोगले अबको पाँच दिनभित्र बाँकी पालिकाको गणना सकिने विश्वास लिएको छ ।

वैशाख ३० गते देशभरका ७५३ पालिकामध्ये दाङ जिल्ला तुल्सीपुर उपमहानगरपालिका-१७ र कपिलवस्तु जिल्ला महाराजगञ्ज नगरपालिकाबाहेक देशभरका सम्पूर्ण मतदान केन्द्रमा मतदान कार्य सञ्चालन भएकोमा मतदानका क्रममा राजनीतिक दल तथा उम्मेदवारबीच विभिन्न कारणले विवाद उत्पन्न भई विभिन्न मतदान केन्द्रमा मतदान स्थगित हुन पुगेकामध्ये अधिकांशमा पुनः मतदान भइसकेको छ ।

अछामको साँफेबगरमा जेठ ६ गते पुनः मतदान हुने कार्यक्रम रहेको छ भने उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नम्बर १२ र बाजुरा जिल्ला बूढीगङ्गा नगरपालिकाको सम्बन्धमा आयोगबाट निर्णय हुन बाँकी छ ।

आयोगले निर्वाचन प्रक्रियामा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ तथा स्थानीय तह निर्वाचन ९मतदान० निर्देशिका, २०७८ र स्थानीय तह निर्वाचन ९मतगणना० निर्देशिका, २०७८ को व्यवस्थाको प्रतिकूल हुने गरी कार्य गर्ने कर्मचारीको विवरण पठाउने मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ ।

स्थानीय तह सदस्य निर्वाचनको सिलसिलामा देशका विभिन्न मतदानस्थलका मतदान केन्द्रमा भएका कानूनविपरीत गतिविधिमा संलग्नलाई कारबाही गर्न निर्देशन दिइएको छ । त्यस्ता गतिविधिमा संलग्नलाई तत्काल पक्राउ गरी निर्वाचन ९कसुर तथा सजाय० ऐन, २०७३ बमोजिम कारबाही गर्न नेपाल सरकार, गृहमन्त्रालयमार्फत ७७ जिल्लाका सबै जिल्ला प्रहरी कार्यालयलाई पनि आयोगले निर्देशन दिएको छ ।

## देशका निम्ति सोच्न सांसदहरूको आग्रह

काठमाडौँ, ५ जेठ (रासस) ।

राष्ट्रियसभा सांसदहरूले सत्तापक्ष र प्रतिपक्षबीच आरोप-प्रत्यारोपभन्दा माथि उठेर राजनीतिक दलका शीर्षनेताहरूले देशको आर्थिक विकाससँगै समग्र विकासको निम्ति लाग्न आग्रह गरेका छन् ।

सभाको बिहीबारको तेस्रो बैठकमा सभामुखसँग समय माग गरी बोल्दै नेपाली कांग्रेसका तर्फबाट बोल्दै जितेन्द्रनारायण देवले भन्नुभयो, "कोभिड, युक्रेन-रसियाबीच भएको युद्धले गर्दा विश्वकै आर्थिक अवस्था सङ्कटमा परेको छ, राजनीतिक दल र दलका नेताहरू आपसमा आरोप-प्रत्यारोपलाई छाडेर मुलुकको आर्थिक विकासमा लाग्नुपर्ने छ, सबै मिलेर देश बनाऔँ, सत्तापक्ष र प्रतिपक्षबाट माथि उठौँ ।"

प्रतिनिधिसभाबारे सर्वोच्च अदालतले गरेको निर्णयपछि राजनीति एउटा गतिमा अघि बढेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "प्रतिपक्ष दललाई आग्रह गर्न चाहन्छु, प्रतिपक्षको काम विरोध गर्नेमात्रै होइन, सकारात्मक सुझाव पनि दिनुपर्छ प्रतिपक्षले ।" उहाँले वर्तमान सरकार गठन भएपछि राजनीतिक स्थिरता आएको बताउँदै देशको विकासका निम्ति राष्ट्रिय सहमतिको विकल्प नरहेको जिकिर गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र)को तर्फबाट बोल्दै सांसद नारायणकाजी श्रेष्ठले दलहरूले आत्मसमीक्षा गरेर कमीकमजोरी सच्याउँदै देशको आर्थिक विकासमा अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "चुनावमा कसैले जित्ने वा हार्नेभन्दा पनि चुनाव शान्तिपूर्ण, निष्पक्षरूपमा सम्पन्न भयो, संविधान कार्यान्वयनलाई नयाँ ढङ्गबाट अगाडि बढाउनु मुख्य विषय हो ।"

उहाँले उत्पादन र रोजगारीसँग विकासलाई जोडेर स्थानीय तहले विकासको मोडललाई अगाडि बढाउनुपर्ने बताउनुभयो । राष्ट्रिय नीति,

*बाँकी तीन पृष्ठमा*


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# गणतन्त्र दिवस तीन दिनसम्म मनाइने

काठमाडौं, ५ जेठ (रासस)।

सरकारले गणतन्त्र दिवस त्रि-द्विवसीय कार्यक्रमका साथ मनाउने भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार बसेको गणतन्त्र दिवस-२०७९ मूल समारोह समितिको बैठकले गणतन्त्र दिवस तीन दिनसम्म विभिन्न कार्यक्रम गरी मनाउने निर्णय गरेको हो।

गृहमन्त्री बालकृष्ण खाणको अध्यक्षतामा बसेको मूल समारोह समितिको बैठकले दिवस यही जेठ १४, १५ र १६ विशेष कार्यक्रम गर्ने निर्णय गरेको हो। समितिले जेठ १४ गते साँझ सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले राष्ट्रिय झण्डा एवं व्यानर सजाएर साँझ दिपावली गर्ने र आम नागरिकलाई दिपावली गर्न अनुरोध गर्ने निर्णय गरेको छ।

यस्तै १५ गते राष्ट्रपति विद्यादेवी भण्डारीको समुपस्थितिमा सैनिक मञ्च टुँडिखेलमा मूल समारोह आयोजना गरिने समितिका सदस्यसचिव तथा गृहसचिव टेकनारायण पाण्डेले जानकारी दिनुभयो। उक्त दिन हेलिकोप्टरबाट पुष्पवृष्टि र झण्डा प्रदर्शनसमेत गरिने छ।

सोही दिन साँझ आम नागरिक र सरकारी तथा सार्वजनिक कार्यालयहरूले आ-आफ्नो घर, कार्यालय एवं सार्वजनिकस्थलहरूमा दिपावली गर्ने कार्यक्रम तय भएको छ।

यस्तै जेठ १६ मा रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट जागरण गीत प्रसारण गर्ने तथा देशवासी र सरकारी तथा सार्वजनिक निकायले आ-आफ्नो घर, कार्यालय एवं सार्वजनिकस्थलहरूमा साँझ दिपावली गर्ने कार्यक्रम तय भएको छ।

त्यस्तै विदेशस्थित नेपाली राजदूतावास, नियोग तथा वाणिज्य दूतावासहरूमा राष्ट्रिय झण्डा फहराउने र दीपप्रज्वलन गर्ने निर्णय पनि मूल समारोह समितिले गरेको छ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका विशिष्ट प्राकृतिक एवं सांस्कृतिक विशेषता झल्कने विद्युतीय प्रचार सामग्री तयार गरी परराष्ट्र मन्त्रालयमार्फत विदेशस्थित नेपाली राजदूतावास, नियोग तथा वाणिज्य दूतावासहरूमा पठाउने कार्यक्रम तय भएको छ।

उपत्यका बाहिरका प्रदेशका राजधानी, जिल्ला र स्थानीय तहहरूमा सरकारी कार्यालय/निकाय एवं प्रतिष्ठानहरूमा राष्ट्रिय झण्डा फहराएर १४, १५ र १६ जेठमा साँझ दिपावली गर्ने कार्यक्रम तय भएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाका संयोजकत्वमा सरकारका मन्त्री, संवैधानिक निकायका प्रमुख, प्रधानसेनापतिसहित सुरक्षा निकायका प्रमुखलगायत रहने गरी मूल समारोह समिति गठन गरिएको छ। समितिको सदस्यसचिवमा गृहसचिव पाण्डे रहनुभएको छ।

मूल समारोह समितिबाट प्रचार-प्रसार, मञ्च सजावट तथा व्यवस्थापन, ग्राउण्ड कवाज एवं व्यायाम व्यवस्थापन उपसमिति पनि बनाइएको छ।

तत्कालीन संविधानसभाले २०६५ जेठ १५ गते नेपालबाट राजतन्त्र हटाएर गणतन्त्र घोषणा गरेको थियो। सोही दिनको सम्झनामा हरेक वर्ष जेठ १५ मा विभिन्न कार्यक्रम गरी गणतन्त्र दिवस मनाइन्छ।

## 'अर्थतन्त्रको सुधारका लागि पहल गरिएन'

काठमाडौं, ५ जेठ (रासस)।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा पनि आर्थिक वर्ष २०७९/८० का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल जारी छ।

बैठकमा नेकपा (एमाले)का सांसद भीमबहादुर रावलले अर्थतन्त्रको सुधारका लागि पहल गर्न नखोजेको आपत्ति जनाउँनुभयो। उहाँले कृषि उतपादन र कृषि उत्पादकत्वमा ध्यान नदिइएको जनाउँदै देशभित्रै रोजगारीको अभिवृद्धि गर्न, विदेशी कामदार ल्याउनै नपर्ने व्यवथा गर्न माग गर्नुभयो। उहाँले माथिल्लो कर्णालीजस्ता र पश्चिम सेती जलविद्युत ठूला आयोजना आफैँले निर्माण गर्न सुझाव दिनुभयो। उहाँले भन्नुभयो "सुशासन कायम गर्न सरकारको तर्फबाट विशेष ध्यान दिनुपर्छ।"

सोही दलका सांसद विशाल भट्टराईले विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका बारेमा छलफल गर्दा अर्थमन्त्री जनार्दन शर्माको उपस्थिति नभएकामा आपत्ति जनाउनुभयो। उहाँको आपत्तिपछि सभामुख अग्निप्रसाद सापकोटाले यसबारेमा आफ्नो ध्यानाकर्षण भएको जनाउँदै सम्बन्धित मन्त्रीलाई उपस्थितिका लागि रुलिङ गर्नुभयो। अर्थमन्त्री नआउँदासम्म सदनमा उपस्थित अन्य मन्त्रीलाई टिपोट गर्न निर्देशन दिनुभयो।

*देशका निम्ति ...*

कूटनीति र राष्ट्रियतालाई राजनीतिक स्वार्थ पूरा गर्ने माध्यम बनाउन नहुनेमा उहाँले जोड दिनुभयो। उहाँले आव २०७९/८० का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा सुझाव दिँदै उहाँले भ्रष्टाचारको प्रभावकारी कार्यान्वयन र नियन्त्रण गर्नेमा बजेट केन्द्रित हुनुपर्ने बताउनुभयो।

बिहीबारको बैठकमा आव २०७९/८० का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफल हुनेछ। अर्थमन्त्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नको जवाफ दिनुहुनेछ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी


# विश्व समाचार

## एक दिनमा दुई हजार ३६४ कोरोना संक्रमित

नयाँदिल्ली, ५ जेठ (रासस/सिन्ह्वा)।

भारत २४ घण्टाको समयावधि अर्थात बुधबार मध्यरातिसम्म दुई हजार ३६४ व्यक्ति कोरोनाका थप सङ्क्रमित भएपछि यहाँ कूल सङ्क्रमितको सङ्ख्या चार करोड ३१ लाख २९ हजार ५६३ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधबार जानकारी दिएको छ। यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप १० को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख २४ हजार ३०३ पुगेको छ। यस समयमा भारतमा ७५३ सक्रिय सङ्क्रमित संख्या झरेपछि हाल भारतभरी सक्रिय सङ्क्रमित १५ हजार ४१९ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ। चौविस घण्टाको समयावधि अर्थात बुधबार मध्यरातिसम्म दुई हजार ५६२ कोरोना निको भएका छन्। यसैसँगै हालसम्म चार करोड २५ लाख ८७ हजार २५९ लाई कोरोना सङ्क्रमण निको भएको छ।

## उन्नाइस प्यालेस्टाइनी कामदार अपहृत

याउन्दे, ५ जेठ (रासस/सिन्ह्वा)।

प्यालेस्टाइनका १९ जना कामदार अपहरणमा परेका छन्। यहाँका अधिकारीले दिएको जानकारीअनुसार क्यामरुनको एक दुर्गम क्षेत्रमा ती कामदार अपहरणमा परेका हुन्। यहाँका सुरक्षा निकायले दिएको जानकारीअनुसार क्यामरुनको दक्षिण पश्चिमी क्षेत्रमा कार्यरत १९ जना प्यालेस्टाइनी कामदार अपहरणमा परेका हुन्। यहाँको क्यामरुन विकास संस्थामा कार्यरत उनीहरु अपहरणमा परेका बताइएको हो। क्यामरुनको दक्षिण पश्चिमी क्षेत्र इडेनेउमा सो कम्पनीमा कार्यरत उनीहरु अपहरणमा परेका अधिकारीले जानकारी दिएका छन्। एकजना सरकारी अधिकारीले आफ्नो नाम नबताउने शर्तमा सो कुराको जानकारी दिएका हुन्। उनका अनुसार ती अधिकारीले मंगलबार सो क्षेत्रमा केही बन्दुकधारी आएका र कम्तीमा पनि १९ प्यालेस्टाइनी कामदारलाई अपहरण गरेर लगेका छन्। उनीहरुलाई कसले र किन अपहरण गरी लगेका हुने भन्ने बारेमा केही खुलेको छैन। प्रहरीले अनुसन्धान सुरु गरेको बताएको छ।

## चीनको सांघाइमा घट्यो कोरोनाको संक्रमण

सांघाइ, ५ जेठ (रासस/सिन्ह्वा)।

चीनको सांघाइमा कोरोनाको सङ्क्रमण घटेको पाइएको छ। यहाँ गएको २४ घन्टामा यहाँका स्थानीय स्तरमै सङ्क्रमित भएकाको संख्या ८२ मात्र रहेको छ। यहाँका अधिकारीले दिएको जानकारीअनुसार गएको २४ घन्टामा चीनको सांघाइ सहरमा सङ्क्रमित व्यक्तिमध्ये ८२ जना स्थानीयस्तरमै सङ्क्रमित भएका पाइएका छन्। उता यहाँ बाहिरबाट आएका अन्य सङ्क्रमित भने २६३ जना रहेका छन्। ती सङ्क्रमित विदेश तथा चीनका अरु सहरबाट आएकामा पाइएको बताइएको छ। पछिल्लो केही दिनयता कोरोनाभाइरसका सङ्क्रमितको संख्या केही मात्रामा घट्न थालेको पाइएको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन्। सांघाइ म्युनिसिपल हेल्थ कमिसनले दिएको जानकारीअनुसार यहाँ तीन हप्ता अघि दैनिक कम्तीमा दुई हजारदेखि माथि नै पाइने गरेका सङ्क्रमितको संख्या अहिले घटेको छ। पछिल्ला केही दिनयता सङ्क्रमित व्यक्तिको संख्या घट्न थालेको स्वास्थ्य क्षेत्रका अधिकारीले बताएका छन्। चीनका विभिन्न सहरमा कोरोना भाइरसका सङ्क्रमितको संख्या प्रत्येक दिन घट्दै गएका बताइएको छ।

## खाद्य असुरक्षा घटाउने काममा सहकार्य गर्न संयुक्त राष्ट्रसंघको आह्वान

संयुक्त राष्ट्रसंघ, ५ जेठ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघले विश्वमा खाद्य असुरक्षाको अवस्था झन् बढ्दै गएकाले सबै गम्भीर हुनुपर्ने बताएको छ।

साथै विश्वका देशमा पछिल्लो समयमा बढ्दै गएको खाद्य असुरक्षाको अवस्था कम गर्नका लागि विश्वका सबै राष्ट्रलाई मिलेर काम गर्न पनि संयुक्त राष्ट्रसंघले आह्वान गरेको छ।

न्युयोर्कमा बुधबार आयोजना भएको एक बैठकमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सो कुरामा जोड दिनुभएको हो। उहाँले पछिल्लो दुई वर्षमा विश्वमा खाद्यान्न अभाव भएका मानिसको संख्या दोब्बर भएको र यो अवस्था अझै बढ्दै जाने खतरा रहेको भन्दै त्यसका लागि विश्वका सबै देशहरुले नै मिलेर काम गर्नुपर्नेमा जोड दिनुभएको हो।

संयुक्त राष्ट्रसंघका महासचिव गुटेरसले दिएको जानकारीअनुसार विश्वमा महामारी सुरु हुनुभन्दा अघि विश्वका १३५ मिलियन मात्र मानिसमा खाद्य अभाव भएकामा अहिले त्यो संख्या दुई वर्ष पछि बढेर कम्तीमा पनि दुई करोड ७६ लाख पुगेको छ।

खाद्य असुरक्षाको अवस्था गएका केही वर्षमा निकै बढ्दै गएको पनि देखिएको छ।

सन् २०१६ पछि विश्वमा कम्तीमा पनि ५०० प्रतिशतले यो अवस्था बढेको पाइएको पनि समाचारमा जनाइएको छ।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# राजविराजमा ७ जसपा, ३ माओवादी, २ लोसपा, एमाले, राप्रपा र नेकपा एस एक/एक वडामा निर्वाचित

**दैनिक समाचारदाता**
**राजविराज, ५ जेठ ।**

स्थानिय तह निर्वाचनको मतपरिणाम अनुसार राजविराजको १६ मध्ये जसपाले ७ वडामा जित हात पारेको छ । त्यस्तै माओवादी केन्द्रले ३, लोसपा २, नेकपा एमाले, राप्रपा र नेकपा एसले १/१ वडामा जित निकालेको छ ।

प्राप्त मतपरिणाम अनुसार जसपाले राजविराज वडा नं. १, २, ३, ४, ५, ११ र १६ मा जित हात पारेको हो भने माओवादी केन्द्रले वडा नं ७, ८ र १० मा निर्वाचित भएको छ । यसैगरि लोसपाले वडा नं. ६ र १५ मा तथा नेकपा एस, राप्रपा र नेकपा एमाले क्रमशः वडा नं. १२, १३ र १४ मा जित हासिल गरेको छ ।

राजविराज वडा नं. १ मा जसपाका चन्द्रशेखर चौधरी, वडा नं. २ मा अरुणकुमार यादव, वडा नं. ३ मा अनिल दास (गुड्डु), वडा नं. ४ मा दिनेश साह कसेरा, वडा नं. ५ मा बन्धु दास, वडा नं. ११ मा उदित नारायण यादव तथा वडा नं. १६ मा रामएकवाल यादव निर्वाचित भएका छन् ।

यसैगरि वडा नं. ७ मा सुभासचन्द्र यादव, ८ मा जयनारायण मण्डल, वडा नं. १० मा गंगा खंग तथा वडा नं. ६ मा लोसपाका शशी चौधरी र वडा नं. १५ मा ओमनारायण साह निर्वाचित भए । यस्तै वडा नं. १२ मा नेकपा एसबाट रामचन्द्र यादव, वडा नं. १३ मा राप्रपाबाट त्रिलोकीनाथ चौधरी, वडा नं १४ मा नेकपा एमालेका जगदीश मण्डल निर्वाचित भए । बिहीबार साँझसम्म वडा नं. ९ को मतगणना जारि रहेको र उक्त मतगणनाको परिणाम अनुसार जसपाका उम्मेदवार जावहर यादव अग्रस्थानमा रहेका छन् ।

वडा नं. १ का चन्द्रशेखर चौधरी र वडा नं. २ का अरुणकुमार यादव र वडा नं. ८ का जयनारायण मण्डल लगातार दोश्रो पटक निर्वाचित भएका छन् ।

### *गत निर्वाचनमा ...*

र अध्यक्ष पदका उम्मेदवारले चुनाव जित्न सकेका छैनन । २०७४ सालको निर्वाचनमा निकटतम प्रतिद्वन्दी रहेका अधिकाँशले भने यस पल्ट चुनाव जितेका छन् ।

यसरी जित्नेहरुमा बिरेन्द्र माझी, दिनानाथ चौधरी, अरुण मण्डल, सुनिल मण्डल, खेमचन्द्र यादव, उमेश यादव, कृष्ण ढकाल लगायतका छन् । परिणाम आउन बाकि रहेका स्थानीय तहमा पनि दोहरिने उम्मेदवार अहिले मतगणनामा निकै पछाडी देखिएका छन भने २०७४ को निर्वाचनमा पराजित भएकाहरु फराकिलो मतले अग्रता लिएको अवस्था छ ।

# विराटनगरमा कोइरालाको चार हजार बढीको अग्रता

मोरङ, ५ जेठ (रासस) ।
विराटनगर महानगरपालिकामा गठबन्धन दलका प्रमुखको उम्मेदवार नेपाली कांग्रेसका नागेश कोइरालाले चार हजार ८३५ मतले अग्रता लिनुभएको छ ।

यसैगरी गठबन्धन दल जनता समाजवादी पार्टी, नेपालका तर्फबाट उपप्रमुखका उम्मेदवार अमरेन्द्र यादव प्रतिस्पर्धीसँग ६ हजार ७३७ मतले पछाडि रहनुभएको छ । मुख्य निर्वाचन कार्यालयका अनुसार महानगर प्रमुखका उम्मेदवार कोइरालाले १९ हजार १७३, नेकपा एमालेका सागर थापाले १४ हजार ३३८, स्वतन्त्र उम्मेदवार उमेश यादवले छ हजार १८७ र राप्रपाका प्रल्हादप्रसाद साहले तीन हजार ७०८ मत प्राप्त गर्नु भएको छ ।

यसैगरी उपप्रमुखमा नेकपा (एमाले)को शिल्पा निराला कार्कीले १६ हजार ५५२, गठबन्धन दलका तर्फका यादवले नौ हजार ८१५, राप्रपाको विन्दाकुमारी लुइँटेल आचार्यले चार हजार ४९३ र स्वतन्त्र उम्मेदवार नमिता न्यौपाने पोखरेलले तीन हजार ५४९ मत प्राप्त गर्नुभएको छ ।

यसैबीच विराटनगर महानगर वडा नं १५ को वडाध्यक्षमा नेपाली कांग्रेसका प्रकाश साह एक हजार ८९७ मत त्याई निर्वाचित हुनुभएको छ । महानगरमा अहिले वडा नं ३, ४, ५, ६, ८, ११, १२ र १४ को मतगणना भइरहेको छ ।

# जनकपुरधाममा स्वतन्त्र उम्मेदवारको अग्रता

जनकपुर, ५ जेठ (रासस) ।
जनकपुरधाम उपमहानगरपालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवार मनोजकुमार साहले आफ्नो अग्रता बढाउँदै जानुभएको छ ।

साहले पाँच हजार ६१ मत प्राप्त गर्नुभएको छ । एमालेका शिवशङ्कर साह तीन हजार २३१ मतका साथ दोस्रो, लोसपाका मनोज चौधरी एक हजार ४८८ मत प्राप्त गरी तेस्रो र स्वतन्त्र उम्मेदवार बलराम महतो एक हजार ४०८ मतका साथ चौथो स्थानमा रहनुभएको छ । निवर्तमान नगरप्रमुखसमेत रहनुभएका गठबन्धनका लालकिशोर साह एक हजार २८३ मतका साथ पाँचौं स्थानमा हुनुहुन्छ ।

उपप्रमुखमा कांग्रेसका किशोरी साहले अग्रता कायम राख्नुभएको छ । उहाँले पाँच हजार ३९५ मत प्राप्त गर्नुभएको छ । एमालेका रुना झाले तीन हजार ५६४ मतका साथ उहाँलाई पछ्याइ रहनुभएको मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिनुभयो ।

# बाह्र जना संक्रमित

काठमाडौँ, ५ जेठ (रासस) ।
कोरोना भाइरसको संक्रमण बिहीबार १२ जनामा मात्र देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको बुलेटिनमा तीन हजार ६२७ जनामा कोरोना परीक्षण गर्दा १२ मा संक्रमण देखिएको हो ।

मन्त्रालयका अनुसार सक्रिय संक्रमितको सङ्ख्या १५० रहेका छन् । पछिल्लो समय नौ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको सङ्ख्या नौ लाख ६६ हजार ९३८ पुगेको छ । निको हुने दर ९८.८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

बिहीबार संक्रमणबाट कसैको पनि निधन भएको छैन । शून्य संक्रमित भएको ३१ जिल्ला पुगेका छन् । नेपालमा संक्रमण दर १७.२ प्रतिशत छ । नेपालमा प्रतिदश लाखमा ३९३.४ को निधन भएको छ । हाल होम आइसोलेसनमा १५० जना रहेका छन् ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


## चट्याङको समयमा सतर्क रहौं ।

### चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने,

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*